हामी उठ्नेछौं
WE WILL RISE

# We Will Rise Foundation

Regd. No. 141375/072/073

Ref. No. : 369 / 2019

२०७५/१०/०६

श्रीमान् प्रमुख ज्यू,

बिषयः **मेरो गाउँ मेरो ठाउँ भिडियो प्रतियोगितामा सहभागि भैदिने वारे ।**

महोदय,

नमस्कार, हामी उठ्नेछौं फाउन्डेसन (वि विल राइज फाउन्डेसन) ले नेपाल भ्रमण वर्ष सन् २०२० लाई मध्यनजर गरेर 'मेरो गाउँ मेरो ठाउँ' भिडियो प्रतियोगिता सार्वजनिक गरेको छ । नेपाल पर्यटन बोर्डसँग साझेदारी गरेर घोषणा गरिएको यो भिडियो प्रतियोगिताको लक्ष्य र उद्देश्य नितान्त फरक रहेको यहाँलाई जानकारी गराउन चाहन्छौं ।

"मेरो गाउँ मेरो ठाउँ' भिडियो प्रतियोगिताको मुख्य उद्देश्य भनेको आफ्नो गाउ"लाई पर्यटकीय सम्भावना रहेको देखाउने नै हो अर्थात् गाउँलाई पर्यटकीय ठाउँ हो है भन्ने नै हो । त्यसले तपाईंले पनि आफ्नो क्षेत्र जहाँ पर्यटकीय सम्भावनाहरू प्रशस्त भएर पनि चर्चा पाउन सकेका छैनन् भने हामीलाई उक्त स्थानको भिडियो डकुमेन्ट्री खिचेर पठाउनुहोस् भन्ने हाम्रो चाहना हो ।

भिडियोमा तपाईंले आफ्नो गाउँ, समाज, संस्कृति, परम्परागत चाडपर्व, समाज, होमस्टे, जैविक विविधता, पर्यावरण, प्राकृतिक सौन्दर्यता आदि विषयलाई समेटेर समष्टिमा बनाउन पनि सक्नुहुन्छ भने एउटै विषयमा केन्द्रित भएर पनि भिडियो डकुमेन्ट्री बनाउन सक्नुहुन्छ ।

हाम्रो उद्देश्य भनेको परम्परागत पर्यटकीय क्षेत्रलाई भन्दा पनि नयाँ पर्यटकीय क्षेत्रको सम्भावना खोज्ने अभियान भएको कारण तपाईंहरूले पनि आफ्नो स्थानीय स्रोत साधनको सक्दो प्रयोग गरेर भिडियो निर्माण गरी यो प्रतियोगितामा सहभागी हुन अभिप्रेरित र समन्वय गरिदिनु हुनेछ भन्ने विश्वास लिएका छौं ।

प्रतियोगिताका नियमहरू यसप्रकार छन् :

मेरो गाउँ मेरो ठाउँ भिडियो प्रतियोगिताका नियमहरू

१= यो प्रतियोगितामा समावेश हुने भिडियो अधिकतम ५ मिनेटको हुनुपर्नेछ ।

२= प्रतियोगितामा समावेश हुने भिडियो सम्भवत पर्यटकीय सम्भावना भएका तर ओझेलमा परेका विषयवस्तुहरू भएमा राम्रो । जस्तो कुनै गाउँ, ठाउँ, चाडपर्व, ग्रामीण पर्यटन, जैविक विविधताको क्षेत्र, जातजातिका संस्कृति, खानपिन, संग्रहालय आदि ।

३= भिडियोमा यी ठाउँ र विषयको जानकारी दिनुका साथै नयाँ पर्यटकहरूले भिडियो हेरेर आउन सक्ने किसिमको हुनुपर्छ ।

Surya Bikram Gyawali Marg, Ward No. 9, SMS Plaza (Opposite NAMS College), Old Baneshwor, Kathmandu, Nepal
Mobile No. + 977 98132 07487 (Nirmal Shrestha) + 977 98413 51818 (Mukunda Bogati)
URL : www.wwrf.org.np Email: we.will.rise.nepal@gmail.com, info@wwrf.org.np
www.facebook.com/Nepal.We.Will.Rise / http://www.youtube.com/c/WewillRiseFoundation

Scanned by CamScanner

Regd. No. 141375/072/073

हामी उठ्ने छौं
WE WILL RISE

# We Will Rise Foundation

४= भिडियोमा एउटै सटका दृश्यभन्दा पनि फरक–फरक हुनु आवश्यक छ ।
५= भिडियोमा संलग्न गरेको संगीत, दृश्य, संवाद निर्माताको मौलिक सिर्जना हुनुपर्छ । अन्य स्रोतबाट झिकेको संगीत, दृश्य र संवादलाई प्राथमिकता दिइने छैन ।
६= भिडियो निर्माण गर्नुअघि कुन विषयमा निर्माण गर्न लागेको हो सो कुराको जानकारी आयोजक www.wwrf.org.np मा रहेको भिडियो च्यालेन्जमा रहेको फर्म भरेर दिनुपर्ने छ ।
७= यो प्रतियोगिता २०१९ जनवरी १ देखि २०१९ अप्रिल ३० तारिखसम्म चल्नेछ ।
८= निर्माण भएको भिडियोलाई गुगल ड्राइभ वा ड्रपबक्समा अपलोड गरेर वि विल राइज फाउन्डेसनको ईमेल we.will.rise.nepal@gmail.com मा पठाउनुपर्ने छ ।
९= यो प्रतियोगितामा सहभागी हुन कुनै किसिमको शुल्क लाग्ने छैन ।
१०= प्रतियोगितामा समावेश भएका भिडियोलाई ५ जनाको निर्णायक समितिले छनोट गरेर विजेता घोषणा गर्नेछन् ।

पुरस्कारहरू :

| | |
|---|---|
| सर्वोत्कृष्ट भिडियो– | १ लाख रुपैंयाँ |
| फस्ट रनर्स अप– | ५० हजार रुपैंयाँ |
| सेकेन्ड रनर्स अप– | २५ हजार रुपैंयाँ |
| सर्वोत्कृष्ट भिडियो (पिपुल च्वाइस)– | १ लाख रुपैंयाँ |
| सर्वोत्कृष्ट भिडियो सम्पादन– | २५ हजार रुपैंयाँ |
| सर्वोत्कृष्ट संवादं– | २५ हजार रुपैंयाँ |

भिडियो प्रतियोगिताका बारेमा थप जानकारी www.wwrf.org.np

निर्मल श्रेष्ठ– ९८१३२०७४८७
मुकुन्द बोगटी– ९८४१३५१८१८

भवदीय,

...............................
निर्मल श्रेष्ठ
फाउण्डर डाइरेक्टर

हामी उठ्ने छौं
WE WILL RISE FOUNDATION

Kathmandu, Nepal

Scanned by CamScanner